# नेपाल उद्योग वाणिज्य महासङ्घ
## कृषि उद्यम केन्द्र (Agriculture Enterprise Centre : AEC)

नेपालका करिब ७० प्रतिशत जनताको जीविकाको मुख्य आधार कृषि नै हो । त्यसैले कृषकहरू र कृषि व्यवसायमा लागेका समुदायहरूले प्रतिस्पर्धात्मक एवं तुलनात्मक लाभ हासिल गर्न सक्ने खालका कृषि वस्तुहरूको उत्पादन, मूल्य अभिवृद्धि तथा बजार व्यवस्थापनजस्ता महत्वपूर्ण कार्यहरूमा जोड दिनु आजको प्रमुख आवश्यकता भएको छ । आधुनिक प्रविधि र उत्पादन प्रणालीको बढ्दो उपयोग तथा निजी क्षेत्रको समेत अगुवाइमा बजारमुखी कृषि कार्यक्रमहरू ल्याउन सहयोग मिल्ने खालका नीतिहरूको अवलम्बन गर्नमा जोड दिन सके आय आर्जन बढाई गरिबी निवारण गर्नमा बढी सहयोग पुग्ने देखिन्छ ।

### परिचय

कृषि उद्यम केन्द्र (कृ.उ.के.) नेपाल उद्योग वाणिज्य (ने.उ.वा.) महासङ्घको कृषिसँग सम्बन्धित इकाइको रूपमा २०४८ भाद्र महिनामा ने.उ.वा. महासङ्घ र नेपालस्थित अमेरिकी सहयोग नियोग (यू.एस.एड.) बीच साझा सहयोगको सम्झौता भई स्थापना भएको थियो । यो १८ वर्षको अवधिमा केन्द्रले नेपालमा कृषि व्यवसायको विकास एवं प्रवर्द्धन कार्यमा उल्लेखनीय भूमिका खेलेको छ । गत २०५९ आश्विन महिनादेखि केन्द्रले आफ्नो दूरदृष्टि (भिजन) र परिलक्ष्य (मिसन) मा केही परिवर्तन ल्याई निजी क्षेत्रका कृषि उद्यमी/व्यवसायीहरूको प्रतिनिधित्व गर्दै कृषि विकासका लागि आफ्ना परिमार्जित कार्यक्रमहरू अगाडि बढाएको छ ।

### दूरदृष्टि (Vision)

राष्ट्रियस्तरमा सबल, सशक्त, दिगो र निजी क्षेत्र निर्देशित उच्च आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने कृषि उद्योग/व्यवसायहरूको स्थापना गर्नु केन्द्रको दूरदृष्टि हो ।

### परिलक्ष्य (Mission)

उच्च मूल्यका कृषि वस्तुहरूको आन्तरिक र अन्तर्राष्ट्रिय बजारमा बिक्री परिमाण र मूल्यमा वृद्धि गराउन निजी क्षेत्र निर्देशित बजारमुखी कृषि उद्योग/व्यवसायहरूको विस्तार तथा सुदृढीकरण गर्नु केन्द्रको परिलक्ष्य हो ।

### तत्कालका प्रमुख गतिविधिहरू

- नीतिगत पैरवी तथा नीतिगत सल्लाह-सुझाव/अध्ययन ।
- उच्च मूल्यका साथै निर्यातयोग्य कृषिजन्य वस्तुहरूको बजार तथा मागको विश्लेषण ।

- व्यापार मेला/प्रदर्शनी तथा नयाँ कृषि व्यवसायको लागि सेवा/टेवाद्वारा व्यापार/व्यवसायको विकासमा सहयोग ।
- कृषिसँग सम्बन्धित व्यापार तथा वस्तुगत सङ्घहरूको सुदृढीकरणका लागि ती सङ्घहरूको विकास एवं विस्तार गर्ने कार्यहरूमा सहयोग ।
- कृषिमा आधारित व्यावसायिक परियोजनाहरू (स्किम/प्रोजेक्ट) तयार गर्नमा सहयोग ।
- कृषि व्यवसाय तथा कृषि बजारसम्बन्धी सूचना-सेवा प्रवाह गर्ने ।

नेपाल सरकारसँगको सहकार्यमा 'एक गाउँ एक उत्पादन' (One Village, One Product: OVOP), उच्च मूल्य कृषि वस्तु विकास आयोजना (High Value Agriculture Project: HVAP), साना तथा मझ्यौला कृषक आयस्तर वृद्धि आयोजना (Raising Incomes of Small and Medium Farmers Project : RISMFP), उच्च पहाड कृषि व्यावसाय तथा जीविकोपार्जन सुधार आयोजना (High Mountain Agribusiness and Livelihood Improvement Project: HUMALI) किसानका लागि उन्नत बीउबिजन कार्यक्रम (Kisan Kaa Lagi Unnat Biubijan Karyakram : KUBK), नेपाल व्यापार एकीकृत रणनीति-२०१० (Nepal Trade Integration Strategy: NTIS), बजार सूचना सेवा (Market Information System: MIS) कार्यक्रम सञ्चालनमा छन् ।

**प्रमुख उपलब्धिहरू**

आफ्ना मुख्य गतिविधिहरूमध्ये कृ.उ.के.को प्रमुख भूमिका नेपालमा कृषि व्यवसाय प्रवर्द्धनका लागि आवश्यक नीतिगत पैरवी (policy advocacy) गर्नु रहेको छ । केन्द्रले नेपाल सरकारमार्फत् लागू गरिएका विभिन्न कृषिसम्बद्ध राष्ट्रिय नीतिहरू जस्तै- राष्ट्रिय कृषि नीति, राष्ट्रिय चिया नीति, गैरकाष्ठ वन पैदावार नीति, कफी नीति आदिजस्ता विविध नीति-नियम तथा निर्देशिकाहरू निर्माण गर्नका लागि सक्रिय पैरवी तथा सहयोग गर्ने गरेको छ । यसैगरी कृ.उ.के.ले द्विराष्ट्रिय कृषि व्यवसायको सन्दर्भमा आइपर्ने विविध मुद्दाहरूको समाधानको निम्ति पनि नेपाल सरकारलाई नियमितरूपमा पैरवीमा सहयोग गर्दै आइरहेको छ ।

नेपालले विश्व व्यापार सङ्गठन (World Trade Organisation : WTO) मा प्रवेश गरेपश्चात् नयाँ प्रकारको व्यापार प्रणालीको सुरुवात हुने परिप्रेक्ष्यमा केन्द्रले नेपालका विभिन्न स्थानहरूमा विश्व व्यापार सङ्गठन तथा यस अन्तर्गतको कृषि सम्झौता सम्बन्धमा चेतनामूलक कार्यक्रमहरूको आयोजना गरी हाम्रा कृषि व्यवसायी तथा सरोकारवालाहरूलाई यसबाट पर्न जाने असर, चुनौती तथा अवसरहरूको बारेमा जानकारी गराउँदै आएको छ । साथै, केन्द्रले वस्तु-विशेषको उत्पादन तथा प्रशोधन गर्ने सरोकारवालाहरूलाई समेत विश्व व्यापार सङ्गठनका "कृषि वस्तुको शुद्धता कार्यान्वयन सम्झौता"

तथा “व्यापारको प्राविधिक रोकावटसम्बन्धी सम्झौता” को प्रावधानहरू तथा ती प्रावधानअन्तर्गत गरिनुपर्ने तयारीहरूका बारेमा समेत जानकारीमूलक कार्यक्रमहरू गर्दै आएको छ ।

निर्यात योग्य सम्भावना रहेका केही कृषि वस्तुहरूको पहिचान गरी ती वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमताको आंकलन गर्नको निमित्त मध्यपश्चिम तथा पश्चिमी नेपालका प्रमुख उत्पादनहरू (जस्तैः बीउबिजन, बेमौसमी तरकारी, अदुवा, मह, कफीजस्ता बढी मूल्य प्राप्त हुने कृषि वस्तुहरू) को बारेमा विस्तृत प्रतिस्पर्धी क्षमताका अध्ययनहरूलाई कृषि उद्यम केन्द्रले सम्पन्न गरेको छ ।

यसैगरी व्यावसायिक हिसाबले सम्भावना रहेका औषधिजन्य तथा सुगन्धित बनस्पतिहरूको विस्तृत अध्ययन सम्पन्न गरी यी बनस्पतिहरूलाई प्राथमिकताको आधारमा वर्गीकरण पनि गरिएको छ । यी विविध कृषि व्यवसायसँग सम्बन्धित अध्ययन-सर्वेक्षण तथा प्रतिवेदनहरू केन्द्रको सूचना भण्डारमा राखी सम्बन्धित व्यवसायीहरूलाई सुसूचित गर्ने कार्यसमेत यस केन्द्रले गर्दै आइरहेको छ । साथै, सामयिक प्रकारका कृषि व्यवसायसम्बन्धी मुद्दाहरूलाई अध्ययन तथा विश्लेषण गरी तिनको उचित समाधानको निम्ति सम्बन्धित सरोकारवालाहरूसमक्ष कृषि उद्यम केन्द्रले सूचना संप्रेक्षण तथा पैरवी गर्ने कार्यसमेत गर्दै आएको छ ।

कृषि व्यवसायको विकास तथा प्रवर्द्धन गर्नका लागि आफ्नो स्थापनाकालदेखि नै केन्द्रले कृषि व्यापार मेला तथा प्रदर्शनीहरूको आयोजना गर्ने, साथै यस प्रकारका व्यापार मेला तथा प्रदर्शनीहरूमा व्यवसायीहरूलाई सहभागी हुनका लागि सहयोग र प्रेरित गर्ने काम पनि गर्दै आएको छ । यसैगरी बर्षेनि सम्पन्न हुने राष्ट्रिय पुष्प व्यापार मेला तथा जिल्ला उ.बा. सङ्घहरूद्वारा आयोजना हुने कृषि व्यापार मेलाहरूमा आफ्नो सहभागिता बढाउने एवं सक्दोरूपमा आर्थिक तथा प्राविधिक सहयोगहरू समेत केन्द्रले उपलब्ध गराउँदै आएको छ ।

कृषि उद्यम केन्द्रका प्रमुख गतिविधिहरूमध्ये बजार सूचना सेवा पनि एक हो । यस गतिविधिअन्तर्गत नेपालका १० प्रमुख बजारहरू र सीमावर्ती ६ वटा भारतीय बजारहरूबाट तरकारी, फलफूल र मसलाजन्य वस्तुहरूको थोक मूल्य-सूची सङ्कलन, संप्रेषण/प्रवाह गर्ने कार्य दैनिकरूपमा गर्दै आइरहेको छ । साथै केन्द्रको वेबसाइट www.agripricenepal.com बाट पनि थोक मूल्य-सूची प्रवाह गर्ने र राष्ट्रिय ‘ई-हाटबजार’को वेबसाइटको केन्द्रीय सञ्चालकको रूपमा समेत कार्य गर्दै आइरहेको छ ।

केन्द्रले बजारसम्बन्धी अध्यावधिक सूचना (दैनिक मूल्यसमेत) निम्न फोन नम्बरहरूमा फोन गरेर पनि प्राप्त गर्न सकिने व्यवस्था गरेको छ :

काठमाडौंका लागि : १६१८०१-४२६२२६०
सुर्खेतका लागि : ०८३-५२६५१६

## कृषि उद्यम केन्द्र केन्द्रीय कार्यालयका प्रशासनिक कर्मचारीहरूको विवरण र सम्पर्क ठेगाना

## (AEC- FNCCI Central Office Administrative Staff)

| S.N. | Name | Position | Mobile No. | E-mail |
|---|---|---|---|---|
| 1 | Mr. Pradip Maharjan | Chief Executive Officer | 9851007865<br>9801192604 | pradip.maharjan@aec-fncci.org |
| 2 | Mr. Manik Ratna Shakya | Director (Admin. and Finance) | 9841267521 | manik.shakya@aec-fncci.org |
| 3 | Ms. Shiela Thapa | Deputy Director | 9841384804 | thapa.s@aec-fncci.org |
| 4 | Mr. Sulochan Tuladhar | Finance Officer | 016916385 | |
| 5 | Ms. Binita Koirala | Finance Officer | 9841354028 | binita.koirala@aec-fncci.org |
| 6 | Mr. Anirudra Maharjan | Supervisor/MIA | 9843935929 | anil.maharjan@aec-fncci.org |
| 7 | Ms. Sangita Rai | Sr. Admin. Assistant | 9841332963 | raisangita0077@yahoo.com |
| 8 | Mr. Maheshwor Poudel | Sr. Admin. Assistant | 9841556100 | |
| 9 | Ms. Rachana Tuladhar | Assistant/MIS | 9841435017 | tuladhar_rachana@hotmail.com |
| 10 | Mr. Ramesh Khatri | Sr. Driver | 9841253740 | |
| 11 | Mr. Dipak Gunmi | Driver | 9841783931 | |
| 12 | Mr. Arjun Thapa | Jr. Office Assistant | 9741169966 | |
| 13 | Mr. Arjun K.C. | Jr. Office Assistant | 9841763610 | |

## उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजना

## (High Mountain Agribusiness and Livelihood Improvement Project: HIMALI)

### परिचय

नेपालका उच्च पहाडी जिल्लाहरूमा बाली, पशुपालन र जडिबुटी उत्पादनको प्रचुर सम्भावना रहेको छ। अतः सो सम्भावनाको उपयोग गर्दै भौगोलिक अवस्थिति र अलग हावापानीले गर्दा यी जिल्लाहरूमा हुन सक्ने विशेष उत्पादनहरू (Niche products) को मूल्य-श्रृङ्खला (Value Chain) विकास गरी स्थानीय बासिन्दाको आयस्तर वृद्धि गर्ने र जीविकोपार्जनमा सुधार ल्याउने उद्देश्यले उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार आयोजना (हिमाली) सञ्चालन गरिएको छ। एसियाली विकास

बैंकको आर्थिक अनुदानमा सञ्चालित यो आयोजना नेपाल सरकार र उक्त बैंकबीच २७ जुन, २०११ (२०६८ असार १३) मा सम्झौता भई १ अक्टुबर २०११ देखि सञ्चालनमा आएको हो । यो आयोजना ३१ अक्टुबर २०१७ सम्म चालु रहने छ ।

**उद्देश्य**

उच्च पहाडी जिल्लाका बासिन्दाहरूको आय वृद्धि गर्ने र जीविकापोर्जनमा दिगो सुधार ल्याउने ।

**अपेक्षित प्रतिफलहरू**

- आयोजना लागू भएका जिल्लाहरूमा नाफामूलक कृषि व्यवसायहरू सञ्चालन हुने र ७ हजार ५०० स्थायी रोजगारी सृजना हुने,
- वार्षिक २ करोड अमेरिकी डलर बराबरको कृषि उत्पादन वृद्धि हुने,
- आयोजनाका सहभागी व्यवसायीहरूले आयोजनाको अन्त्यपश्चात् आफ्नो लगानीमा वार्षिक न्यूनतम १५% प्रतिफल प्राप्त गर्ने, र,
- जलवायु परिवर्तनले पार्ने असर न्यूनीकरण गर्न स्थानीय समुदायलाई सहयोग पुग्ने ।

**आयोजना लागू हुने क्षेत्र तथा जिल्लाहरू**

यो आयोजना संखुवासभा, सोलुखुम्बु, दोलखा, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, मुगु, जुम्ला र हुम्ला गरी १० जिल्लामा लागू भएको छ ।




**आयोजनाका संभागहरू**

यस आयोजनामा तीनवटा संभागहरू (Components) रहेका छन् :

क) उच्च पहाड कृषि व्यवसाय विकास (Mountain Agribusiness Development)

ख) मूल्य श्रृङ्खला क्षमता विकास (Value Chain Capacity Development)

ग) आयोजना व्यवस्थापन (Project Management Office) कार्यालय ।

**प्रस्तावित लागत**

आयोजनाको प्रस्तावित लागत निम्न तालिकामा देखाइएको छ :

| स्रोत | रकम (अमेरिकी डलर) | रकम (नेपाली रुपैयाँ) | प्रतिशत |
|---|---|---|---|
| नेपाल सरकार | ४५ लाख २० हजार | ४२ करोड ९४ लाख | १५% |
| एसियाली विकास बैंक | २ करोड | १ खर्ब ९० करोड | ६६% |
| लाभान्वित पक्ष | ५७ लाख १० हजार | ५४ करोड २४ लाख | १९% |
| जम्मा | ३ करोड २ लाख ३० हजार | २ अर्ब ८७ करोड | १००% |

**नोट** : १ डलर $= नेरु.९५/- का दरले हिसाब गरिएको ।

**कार्यान्वयन व्यवस्था**

- कार्यकारी मुख्य निकाय : कृषि विकास मन्त्रालय
- कार्यान्वयन गर्ने निकाय : पशु सेवा विभाग
- कार्यान्वयन साझेदार संस्था : कृषि उद्यम केन्द्र/नेपाल उद्योग वाणिज्य महासङ्घ

**सञ्चालन व्यवस्था :**

**आयोजना निर्देशन समिति :**

कृषि विकास मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालय, विभाग/निकायका उच्चपदस्थ पदाधिकारी सम्मिलित निर्देशन समितिको व्यवस्था ।

**आयोजना समन्वय तथा प्राविधिक समिति :**

कृषि तथा पशु सेवा विभागका महानिर्देशकहरूको संयुक्त अध्यक्षतामा विभिन्न विभाग, निर्देशनालय र कार्यालयका पदाधिकारीहरू सम्मिलित समन्वय तथा प्राविधिक समितिको व्यवस्था ।

**आयोजना कार्यान्वयन, अनुगमन तथा समन्वय समिति :**

आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि जिल्लास्तरमा सम्बद्ध सबै पक्षको सहभागिता रहने गरी आयोजना कार्यान्वयन, अनुगमन तथा समन्वय समितिको व्यवस्था ।

**आयोजना व्यवस्थापन कार्यालय :**

केन्द्रमा सल्लाहकार र कर्मचारीसहितको आयोजना व्यवस्थापन कार्यालयको व्यवस्था ।

**जिल्ला आयोजना समन्वयकर्ता :**

जिल्ला कृषि विकास वा पशु सेवा कार्यालयका प्रमुखले संयोजकको भूमिका निर्वाह गर्ने गरी १० वटै जिल्लामा 'आयोजना समन्वयकर्ता कार्यालय' को व्यवस्था । जसमा कृषि उद्यम केन्द्रबाट जि.कृ.व्या. विज्ञ र समाज परिचालक टोलीसमेत यसै इकाइअर्न्तगत रहेर कार्य सम्पादन गर्दछन् ।

## हिमाली आयोजना कार्यक्रम व्यवस्थापन इकाइ (पीएमयू) का कर्मचारीहरूको विवरण र सम्पर्क ठेगाना (HIMALI Project PMU staff)

| S.N. | Name of staff | Position | Mobile No. | E-mail |
|---|---|---|---|---|
| 1 | Dr. Amar Bahadur Shah | Project Director | 9858051937 | shahamar10@gmail.com |
| 2 | Mr. Kaushal Kumar Poudel | Senior Pro.Officer | 9741091803 | kaushalpoudel@yahoo.com |
| 3 | Mr. Ramji Sharma | Account Officer | 9842477418 | |
| 4 | Dr. Rishiraj Sapkota | Veterinary Officer | 9847804034 | rikkisapkota@yahoo.com |
| 5 | Mr. Subodh Shakya | Horticulture Officer | 9841800999 | shakya.subodh999@gmail.com |
| 6 | Dr. Manoj Kumar Shahi | Veterinary Officer | 9851195821 | avisanu2006@gmail.com |
| 7 | Ms. Kamala Khatri | Veterinary Technician | 9846398151 | kamalakc2014@gmail.com |
| 8 | Mr. Shyam Bahadur Khatri | Accountant | 9841268295 | |
| 9 | Mr. Hemraj Bohara | Livestock Technician | 9843062465 | hbohara16@yahoo.com |
| 10 | Ms. Chandrakala Bhattarai | Agriculture Technician | 9842130548 | bhattaraic@ymail.com |
| 11 | Mr. Yadav Ghimire | Kharidar | 9841440050 | yadavghimire31@yahoo.com |
| 12 | Mr. Krishna Gopal Baidhya | M & E Assistant | 9841824600 | kgbaidhya@himali.gov.np |
| 13 | Mr. Digambar P. Chaudhary | M & E Assistant | 9841377155 | digambarchaudhary@yahoo.com |
| 14 | Mr. Kamal Poudyal | Information & Communication Officer | 9841201661 | poudelkamal@gmail.com |
| 15 | Mr. Rajesh Chaudhary | Computer Operater | 9841644619 | rajeshchaudharybro@yahoo.com |
| 16 | Mr. Ravi Bhandari | Computer Operater | 9851188223 | bhandari.ravi22@gmail.com |
| 17 | Mr. Aananda Shah | Office Manager | 9818224851 | shh_biki@yahoo.com |
| 18 | Mr. Bishnu Dhungana | Computer Operater | 9841727303 | dbishnu200@gmail.com |
| 19 | Mr. Kumar Sherestha | Driver | 9841471441 | |
| 20 | Mr. Rajendra Dhital | Driver | 9849037668 | |
| 21 | Mr. Devendra Goja | Driver | 9841945102 | |
| 22 | Mr. Pramananda Chaudhary | Support Staff | 9818063078 | |
| 23 | Mr. Mitra Ghimire | Support Staff | 9849787362 | |

| | | | | |
|---|---|---|---|---|
| 24 | Mr. Narayan Budhathoki | Support Staff | 9809574175 | |
| 25 | Ms. Shova Bhandari | Support Staff | 9808273268 | bhandarisonira@yahoo.com |
| 26 | Ms. Rel Maya Shrestha | Support Staff | 9849085757 | |
| 27 | Dr. Francesco Goletti | Int. Team Leader | | f.goletti@agrifoodconsulting.com |
| 28 | Mr. Dal Ram Pradhan | National Team Leader | 9851068073 | pradhan.dr1973@yahoo.com |
| 29 | Mr. Padma Bahadur Shakya | M & E Expert | 9841296750 | padmabshakya@gmail.com |
| 30 | Mr. Damodar Ghimire | Grant Coordinator | 9741034206 | sitapaila510@hotmail.com |
| 31 | Mr. Thakur Pd.Bhatta | Social Dev. Expert | 9841811264 | bhattathakurprasad@gmail.com |
| 32 | Mr. Jalad Sunder Pradhan | Purcurement Expert | 9851016838 | jspradhan@hotmail.com |
| 33 | Mr. Prahadh Chapagain | Engineer | 9841425694 | c_pralhad@yahoo.co.in |
| 34 | Mr. Pragya Ratna Shakya | Admin & Finance Officer | 9841409687 | pragyashakya@yahoo.com |
| 35 | Ms. Sangita dhungana | Project Administrator | 9841411474 | s.dhungana@agrifoodconsulting.com |
| 36 | Mr. Niraj Gautam | Admin and Finance | 9841223750 | iamniraj@gmail.com |
| 37 | Mr. Kaman Singh Rai | SMC, Sankhuwasava | 9742010502 | K_singh6@yahoo.com |
| 38 | Mr. Binod Kumar Khaadka | SMC, Solukhumbu | 9848670307 | ido_tuba@yahoo.com |
| 39 | Mr. Lila Bahadur Bhujel | SMC, Dolakha | 9843359864 | bhujel.lb5@gmail.com |
| 40 | Mr. Mukesh Kumar Sharma | SMC, Rasuwa | 9851170974 | mubi_2dhure@yahoo.com |
| 41 | Mr. Lekha Bahadur Chhetri | SMC, Mustang | 9847626395 | lekha.chhetri@gmail.com |
| 42 | Ms. Sunita Devi Shrestha | SMC, Manang | 9846107713 | sunita.shrestha95@yahoo.com |
| 43 | Mr. Raj Bahadur Rokaya | SMC, Humla | 9848304864 | rokaya.raj42@yahoo.com |
| 44 | Mr. Dambar Bahadur Rokaya | SMC, Mugu | 9848300663 | dbrokaya@gmail.com |
| 45 | Mr. Hars Raj Bhatta | SMC, Dolpa | 9741145340 | bhatta.harsraj@gmail.com |
| 46 | Mr. Rajendra Prasad Giri | SMC, Jumla | 9741329626 | raj27bjh@gmail.com |
| 47 | Ms. Shanti Rai | SM, Sankhuwasava | 9842451504 | rai.shanti@2013gmail.com |
| 48 | Mr. Tulsa Ale Magar | SM, Solukhumbu | 9848670307 | ido_tulsa@yahoo.com |
| 49 | Ms. Ganga Adhikari | SM, Rasuwa | 9843404865 | ganga.adhikari@live.com |
| 50 | Ms. Kamala Danuwar | SM, Dolakha | 9818570970 | kamala.danuwar@yahoo.com |
| 51 | Mr. Gokarna Devkota | SM, Mustang | 9841969570 | gokarnadevkota@hotmail.com |
| 52 | Ms. Rupa Singh Shahi | SM, Humla | 9849336785 | |
| 53 | Mr. Siddi Bahadur Budha | SM, Dolpa | 9848303534 | budha_siddi@yahoo.com |
| 54 | Mr. Dhirendra Bahadur Bham | SM, Mugu | 9748913117 | bhamdb_123@yahoo.com |
| 55 | Ms. Purna Kumari Budha | SM, Jumla | 9848056604 | bc.bina23@gmail.com |

# हिमाली आयोजनामा उ.वा. सङ्घ/कृ.उ.के. अन्तर्गतका कर्मचारीहरूको विवरण र सम्पर्क ठेगाना

## (HIMALI Project staff under AEC- FNCCI)

| S.N. | Name of Staff | Position | Phone | E-mail |
|---|---|---|---|---|
| 1 | Mr. Ram Mani Paudyal | Agro Enterprise Team Leader | 9848027231 9860427535 | ramani.paudyal@aec-fncci.org gorkhaliram@yahoo.com |
| 2 | Mr. Arjun Shrestha | RAES (East) | 9849742639 9860427536 | arjun.shrestha@aec-fncci.org arjungorkhalee@gmail.com |
| 3 | Dr. Aruna Palikhe | RAES (Central) | 9841462822 9860427537 | aruna.palikhe@aec-fncci.org ap10_palikhe@yahoo.com |
| 4 | Mr. Shankar Ghimire | RAES (Western)/ Manang | 9851666259 9860427538 | shankar.ghimire@aec-fncci.org ghimire4s@yahoo.co.uk |
| 5 | Dr. Santosh Karn | RAES (Mid-west) | 9741141276 9860427539 | santosh.karn@aec-fncci.org santoshkarn@yahoo.com |
| 6 | Mr. Mukunda Pokhrel | DAES (Sankhuwasabha) | 9842109609 9860427540 | pokharel_mkd@yahoo.com |
| 7 | Mr. Sanjeev Maharjan | DAES (Solukhumbu) | 9843312480 9860427541 | sanziv.maharjan@aec-fncci.org maharjansiv@gmail.com |
| 8 | Ms. Bhagawati Khand | DAES (Dolakha) | 9841405978 9860427542 | bhagawati.khand@aec-fncci.org khand_bhagawati33@yahoo.com |
| 9 | Mr. Birad Lal Siku Shrestha | DAES (Rasuwa) | 9841363808 9860427543 | biradsiku@gmail.com |
| 10 | Mr. Tirtharaj Dhakal | DAES (Mustang) | 9851017441 9860427545 | tr_dhakal@yahoo.com |
| 11 | Mr. Ang Bahadur Lama | DAES (Dolpa) | 9841772357 9860427546 | ang.lama@aec-fncci.org angblama@gmail.com |
| 12 | Mr. Ramchandra Adhikari | DAES (Jumla) | 9841874699 9860427547 | ramc.adhikari@aec-fncci.org rc_adhikari2008@hotmail.com |
| 13 | Mr. Jagat Bahadur Bham | DAES (Mugu) | 9848308515 9860427548 | jagat.bham@aec-fncci.org bhamjagat@gmail.com |
| 14 | Mr. Binod Kumar Shahi | DAES (Humla) | 9841774796 9860427549 | binod.shahi@aec-fncci.org binodshahi01@gmail.com |

## हिमाली आयोजना अन्तर्गतका जिल्लामा सम्पर्क व्यक्तिहरूको विवरण र सम्पर्क ठेगाना
## (HIMALI Contact Persons of Project Districts)

| S.N. | Name | Organization | District | Landline number | Role | Mobile No. | E-mail |
|---|---|---|---|---|---|---|---|
| 1 | Dr. Ramkumar Mandal | DLSO | Sankhuwa shabha | 029-560159 | DPC | 9849594843 | ramkumarmandal123@gmail.com |
| 2 | Mr. Nilkantha Pokhrel | DADO | | 029-560130 | SADO | 9841360736 | dado7412@gmail.com |
| 3 | Mr. Mukund Pokharel | AEC | | | DAES-AEC | 9842109609<br>9860427540 | pokharel_mkd@yahoo.com |
| 4 | Mr. Kaman Singh Rai | ACI | | | SMC | 9742010502 | K_singh6@yahoo.com |
| 5 | Mr. Hasta Bahadur Bista | DADO | Solikhumbu | 038–520015<br>038520 130 | DPC | 9852851130<br>9849594680 | bistahb@gmail.com |
| 6 | Mr. Ram Aashish Das | DLSO | | 038-520103 | SLDO | 9844024852 | dlso_solu@yahoo.com |
| 7 | Mr. Sanjeeb Maharjan | AEC | | | DAES-AEC | 9843312480<br>9860427541 | sanziv.maharjan@aec-fncci.org<br>maharjansanziv@gmail.com |
| 8 | Mr. Binod kumar Khadka | ACI | | | SMC | 9848670307 | ido_tuba@yahoo.com |
| 9 | Dr. Tej Prasad Rijal | DLSO | Dolakha | 049-421115 | DPC | 9855054455 | dlsodolakha@gmail.com |
| 10 | Mr. Bauwa Lal Chaudhary | DADO | | 049-421130 | SADO | | bauwalalchaudhary@yahoo.com |
| 11 | Ms. Bhagawati Khand | AEC | | | DAES-AEC | 9758001905<br>9860427542 | khand_bhagawati33@yahoo.com |
| 12 | Mr. Lila Bahadur Bhujel | ACI | | | SM | 9843359864 | bhujel.lb5@gmail.com |
| 13 | Dr. Dilli Ram Sedai | DLSO | Rasuwa | 010-540129 | DPC | 9841345033 | dsedai@yahoo.com |
| 14 | Mr. Gopi Raj Chalise | DADO | | 010-540128 | SADO | 9841329011 | chalisegr@yahoo.com<br>dadorasuwa@gmail.com |
| 15 | Mr. Birad Lal Siku Shrestha | AEC | | | DAES-AEC | 9841363808<br>9860427543 | biradsiku@gmail.com |
| 16 | Mr. Mukesh Kumar Sharma | ACI | | | SMC | 9851170974 | mubi_2dhure@yahoo.com |
| 17 | Dr. Fanindra Devkota | DADO | Manang | 066-440213 | DPC | 9745182307 | dadomanang@yahoo.com |
| 18 | Mr. Chhabi Lal Adhikari | DLSO | | 066-440113 | SLDO | 9856030274 | |
| 19 | Mr. Shankar Ghimire | AEC | | | RAPS | 9851666259<br>9860427538 | shankar.ghimire@aec-fncci.org<br>ghimire4s@yahoo.co.uk |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 20 | Ms. Sunita Shrestha | ACI | | | SM | 9846107713 | sunita.shrestha95@yahoo.com |
| 21 | Dr. Nanda Lal Verma | DLSO | Mustang | 069-440121 | DPC | 9841191811 | dr.verma41@gmail.com |
| 22 | Mr. Rewati Raman Poudel | DADO | | 069-440130 | SADO | 9746700527 | districtagri.mustang@yahoo.com |
| 23 | Mr. Tirtha Raj Dhakal | AEC | | | DAES-AEC | 9851017441 9860427545 | tr_dhakal@@yahoo.com |
| 24 | Mr. Lekha Bahadur Chhetri | ACI | | | SMC | 9847626395 | lekha.chhetri@gmail.com |
| 25 | Mr. Bhim Bahadur Dharala | DADO | Dolpa | 087-550099 | DPC | 9758000811 | dadodolpa@ymail.com |
| 26 | Dr. Jhabindra Marasini | DLSO | | 087-550052 | VO | 9841367338 | jabindramarojini@gmail.com |
| 27 | Mr. Ang Bahadur Lama | AEC | | | DAES-AEC | 9851157817 9860427546 | angblama@gmail.com |
| 28 | Mr. Hars Raj Bhatta | ACI | | | SMC | 9741145340 | bhatta.harsraj@gmail.com |
| 29 | Dr. Resham Raj Gyawali | DLSO | Jumla | 087-520028 | DPC | 9841814039 | reshamg91@gmail.com |
| 30 | Mr. Tej Narayan Gaire | DADO | | 087-520027 | SADO | 9847022055 | dadojumla2013@gmail.com |
| 31 | Mr. Ram Chandra Adhiakri | AEC | | | DAES-AEC | 9841874699 9860427547 | rc_adhikari2008@hotmail.com |
| 32 | Mr. Rajendra Prasad Giri | ACI | | | SMC | 9741329626 | raj27bjh@gmail.com |
| 33 | Mr. Chet Narayan Pandey | DADO | Mugu | 087-460086 | DPC | 9851101131 | dadomugu.govnp@gmail.com |
| 34 | Mr. Bhajra Kishwor Thakur | DLSO | | 087-460076 | LDO | 9841293429 | brajvet123@yahoo.com |
| 35 | Mr. Jagat Bham | AEC | | | DAES-AEC | 9848308515 9860427548 | jagat.bham@aec-fncci.org bhamjagat@gmail.com |
| 36 | Mr. Dambar Bahadur Rokaya | ACI | | | SMC | 9848300663 | dbrokaya@gmail.com |
| 37 | Mr. Bauwa Lal Chaudhary | DADO | Humla | 087-680011 | DPC | 9858321024 | bauwalalchaudhary@yahoo.com |
| 38 | Mr. Bindeshwor Ray | DLSO | | 087-680010 | SLDO | 9844223628 | bindeshwaray123@yahoo.com |
| 39 | Mr. Binod Kumar Shahi | AEC | | | DAES-AEC | 9841774796 9860427549 | binod.shahi@aec-fncci.org binodshahi01@gmail.com |
| 40 | Mr. Raj Bahadur Rokaya | ACI | | | SMC | 9848304864 | rokaya.raj42@yahoo.com |

## हिमाली आयोजना अन्तर्गतका जिल्लामा उद्योग वाणिज्य सङ्घ र सम्पर्क व्यक्तिहरूको विवरण र सम्पर्क ठेगाना (Contact details of District Chamber of Commerce and Industry in HIMALI Project Districts)

| S.N. | District | President (Personal contact phone) | Office | Fax | E-mail |
|---|---|---|---|---|---|
| 1 | S/sabha | Ananta Kumar Gauli<br>9851023754 | 029–560161 | 029-560161,170 | sscci_khandbari01@yahoo.com |
| 2 | S/khumbu | Jay Prasad Rai<br>9842848731, 9743050678 | 038–520235<br>4478581 | 038–520033 | sherpa.tarden@gmail.com |
| 3 | Dolakha | Rameshwor Manandhar<br>9741043196, 9851013443 | 049–420065,<br>421218 | 049–421065 | dolakhacci@yahoo.com<br>dolakhacci@ntc.net.np |
| 4 | Rasuwa | Kaisun Nurbu Tamang<br>9851111829, 9741040506 | 010-540216 | 010-540273,<br>540216 | ovop_rasuwa@yahoo.com |
| 5 | Manang | Rajan Shrestha<br>9841493998 | 066-440124 | 066-440166 | sayapatri.prakash@gmail.com |
| 6 | Mustang | Khagendra Tulachan<br>9847670665, 9746700740 | 069 –440057 | 069–440057 | |
| 7 | Dolpa | Laliman Budha<br>9851112816 | 087-550149 | 087-550510 | dccidolpa@yahoo.com<br>imbudha@yahoo.com |
| 8 | Jumla | Govind Bdr. Shahi<br>9806303403, 9848300980 | 087-520038<br>520038 | 087 520391 | jccijumla@yahoo.com |
| 9 | Mugu | Narabir Rawat<br>9858050280 | 087-460024 | 087-460132 | mcci.mugu@yahoo.com |
| 10 | Humla | Namgyal Lama<br>9748901275 | 087-680120 | 087-680120 | hcci.humla@gmail.com |

**नेपाल उद्योग वाणिज्य महासङ्घ/कृषि उद्यम केन्द्रमार्फत् सञ्चालनमा रहेका अन्य प्रमुख आयोजनाहरू निम्न बमोजिम छन् :**

## उच्च मूल्य कृषि वस्तु विकास आयोजना
## (High Value Agriculture Project: HVAP)

### परिचय

उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष अर्थात् 'आइफाड' (IFAD) को ऋण तथा अनुदान सहयोगमा सञ्चालन भएको आयोजना हो । आयोजना ५ जुलाई २०१० मा नेपाल सरकार र आइफाडबीच सम्झौता भई सञ्चालनमा आएको हो । यो आयोजना आ.व. ०६७/६८ बाट सञ्चालनमा रहेको छ र आयोजनाको अवधि ६ वर्षको रहेको छ । कृषि विकास मन्त्रालय यो आयोजना कार्यान्वयन गर्ने मुख्य संस्था हो । त्यसैगरी (निदरल्याण्डस् विकास नियोग (SNV- Nepal) र कृषि उद्यम केन्द्र (AEC) यस आयोजनाका कार्यान्वयन साझेदार संस्थाहरूका रूपमा रहेका छन् । छिन्चु-जाजरकोट, सुर्खेत-दैलेख र सुर्खेत-जुम्ला (कर्णाली लोकमार्ग) सडक-खण्ड आसपासका ७ जिल्लाहरू क्रमशः सुर्खेत, जाजरकोट, सल्यान, दैलेख, कालिकोट, जुम्ला र अछाममा यो आयोजना कार्यान्वयन भएको छ । आयोजनाका लक्ष्य तथा उद्देश्य निम्नानुसार छन् :

### आयोजनाका लक्ष्य र उद्देश्य

मध्य पश्चिमाञ्चल विकास क्षेत्रका पहाडी तथा हिमाली क्षेत्रमा बसोबास गर्ने जनताहरूको गरिबी तथा जोखिमलाई न्यूनीकरण गर्नु यस आयोजनाको लक्ष्य रहेको छ। ग्रामीण क्षेत्रका गरिब जनता, विशेषगरी महिला तथा सीमान्तकृत समूहहरूलाई उच्च मूल्य कृषि वस्तु र गैरकाष्ठ वन पैदावार तथा जडीबुटीजन्य वस्तुहरूको (मूल्य श्रृङ्खलासहित) बजारमा पहुँच पुर्‍याएर उच्च आम्दानी तथा रोजगारीको अवसर बढाउनुको साथै बजारको माग र अवसर अनुसार निजी कृषि व्यवसायीहरूसँग सम्झौताको आधारमा व्यवसाय चलाउने क्षमताको अभिवृद्धि गर्नु यस आयोजनाको मूल उद्देश्य रहेको छ ।

### आयोजनाको अवधारणा

- मूल्य श्रृङ्खलाको प्रक्रिया बजार मागमा आधारित ।
- कृषि व्यापारी एवं बजारकर्ताहरूसँगै कृषकहरूलाई मूल्य श्रृङ्खलामा हिस्सेदारको रूपमा स्थापित गर्ने ।
- महिला, गरिब र जोखिमयुक्त घरधुरीका साथै दलित तथा जनजाति समूहहरूलाई आयोजनामा सक्रियरूपमा सहभागी गराउने ।

- आयोजनाको संस्थागत र प्रक्रियागत दिगोपनाको प्रवर्द्धनमा जोड ।
- भौगोलिक र सामाजिक समावेशीकरणलाई सहजीकरण गर्ने तथा आयोजना क्षेत्रमा आयोजनाबाट गरिने सहयोग समतामूलक ढङ्गले उपलब्ध गराउने ।
- कृषि विकास मन्त्रालयको समग्र जिम्मेवारी तथा मार्गदर्शन र एसएनभी नेपालको विशेष प्राविधिक सल्लाहअनुसार मुख्य गरी स्थानीय गैरसरकारी संस्था र स्थानीय सेवा प्रदायकहरूद्वारा आयोजना कार्यान्वयन गर्ने ।
- उत्पादन समूह तथा सहकारीहरूमा लगानी गर्ने ।

**आयोजनाका लगानीका क्षेत्रहरू**

- उत्पादन तथा उत्पादकत्व वृद्धि कार्य
- साना सिंचाइ योजनाहरू (सहकारी तथा समुदायस्तरका)
- सङ्कलन केन्द्र, भण्डारण सुविधा, कृषि बजारका पूर्वाधारहरू (सडक निर्माणबाहेक)
- प्याकेजिङ्ग, मूल्य अभिवृद्धिका लागि सहयोगी सामग्री, उपकरण तथा पूर्वाधारहरू
- उत्पादन तथा उत्पादनपश्चात्का कार्यहरू एवं प्रशोधन कार्यसम्बन्धी तालिम एवं प्राविधिक सहयोग
- गुणस्तर तथा प्राङ्गारिक प्रमाणीकरण एवं कृषि वस्तु व्यापार प्रवर्द्धनसम्बन्धी कार्यहरू
- मूल्य श्रृङ्खलामा संलग्न सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि
- सेवा बजार विकाससम्वन्धी कार्य (प्राविधिक, व्यवसाय व्यवस्थापन आदि)
- मूल्य श्रृङ्खलाका क्षेत्रगत विकासका विभिन्न कार्यहरू ।

**आयोजनाको संस्थागत संरचना**

यस आयोजनाको संस्थागत संरचनाअनुसार माथिल्लो तहमा आयोजना स्टेयरिङ कमिटी रहेको छ । कमिटीको अध्यक्षमा कृषि विकास मन्त्रालयका सचिव रहने प्रावधान छ । यस कमिटीले आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि नीति निर्देशन, सुझाव, सल्लाह एवं मार्गदर्शन प्रदान गर्दछ । मुख्यरूपमा निम्न तीनवटा इकाइहरू आयोजनाको समन्वय संरचनाअर्न्तगत रहेका छन् ।

- आयोजना निर्देशन समिति
- क्षेत्रीय आयोजना परामर्श तथा समन्वय समूह र
- कृषि व्यवसायी कार्य समूह ।

त्यसैगरी जिल्लास्तरमा एच.भी.ए.पी. कार्य समूह रहनुका साथै सार्वजनिक लेखापरीक्षण समूहहरू रहने छन् ।

**छनोट गरिएका वस्तु/मूल्य श्रृङ्खला**

आयोजनाले त्यस्ता बाली तथा वस्तुहरूलाई लक्ष्यित गरेको छ जसले आयोजना क्षेत्रका ग्रामीण जनताहरूको जीवनमा ठूलो प्रभाव पार्न सक्छ। यसअघि गरिएका अध्ययनहरूले सिफारिस गरेका मूल्य श्रृङ्खला बाली/वस्तुहरू निम्नानुसार छन् :

- स्याउ, तरकारी बीउ, बेमौसमी तरकारी, अदुवा, बेसार, खसी/बोका र टिमुर ।

  नोट- अन्य बाली तथा वस्तुहरू नयाँ अध्ययनका आधारमा समावेश गर्दै लगिने छ ।

**आयोजनाका सहयोगी कोषहरू**

यस आयोजनाबाट मूल्य श्रृङ्खलामा सम्बद्ध समूह, सहकारी, कृषि व्यवसायी संस्था तथा व्यक्तिहरूले विभिन्न कोषहरूमार्फत् सहयोग प्राप्त गर्ने छन् । आयोजनाको कोषहरूको बारेमा निम्नानुसार व्यवस्था रहेको छ :

**क) मूल्य श्रृङ्खला कोष (Value Chain Fund)**

| विवरण | समूह क | | | समूह ख |
|---|---|---|---|---|
| आवेदक संस्था | कृषि व्यवसायी, सहकारी | सेवा प्रदायक (संस्थागत) | सेवा प्रदायक (व्यक्तिगत) | समूह, सहकारी |
| आवेदकको न्यूनतम योग्यता | सम्बन्धित निकायमा दर्ता भई ३ वर्षको व्यावसायिक अनुभव भएको | सम्बन्धित निकायमा दर्ता भई प्रस्तावित सेवा प्रदायकको रूपमा काम गर्न अनुमति प्राप्त गरेको | सम्बन्धित निकायमा दर्ता भई प्रस्तावित सेवा प्रदायकको रूपमा काम गर्न अनुमति प्राप्त गरेको | सम्बन्धित निकायमा दर्ता भई १ वर्षको कार्य अनुभव भएको |
| पूरक अनुदान (कूल लागतको) | ५० प्रतिशतसम्म | ५० प्रतिशतसम्म | ५० प्रतिशतसम्म | ५० देखि बढीमा ८५ प्रतिशतसम्म |
| अधिकतम अनुदान रकम अमेरिकी डलरमा (US$) | १ लाखसम्म | ५ हजारसम्म | ५ सयसम्म | २० हजार |
| प्रस्ताव अवधि | बढीमा ३ बर्ष | बढीमा ३ बर्ष | बढीमा ३ बर्ष | बढीमा ३ बर्ष |

**ख) कृषि क्षेत्र विकास कोष (Sector Development Fund)**

| विवरण | क्षेत्रगत संरचना निर्माण | अध्ययन, अनुसन्धान, परीक्षण तथा प्रदर्शनी |
|---|---|---|
| आवेदक संस्था/व्यक्ति | मूल्य श्रृङ्खलामा सम्बद्ध संस्था तथा व्यक्तिहरू | मूल्य श्रृङ्लामा सम्बद्ध संस्था तथा व्यक्तिहरू |
| पूरक अनुदान (कूल लागतको) | १०० प्रतिशतसम्म | १०० प्रतिशतसम्म |
| अधिकतम अनुदान रकम अमेरिकी डलरमा (US$) | २० हजार | ५ हजारसम्म |

**ग) समावेशीकरण कोष (Inclusion Fund)**

| विवरण | भौगोलिक समावेशीकरणको लागि साना संरचना निर्माण | गरिब तथा सामाजिक रूपमा पछाडि परेका वर्गको मूल्य श्रृङ्खलामा पहुँच |
|---|---|---|
| लाभान्वित संस्था तथा व्यक्तिहरू | उपभोक्ता समूह | उत्पादक समूह, तथा गरिब तथा पछाडि परेका घरधुरीहरू |
| पूरक अनुदान (कूल लागतको) | ८५ प्रतिशतसम्म | १०० प्रतिशत |
| अधिकतम अनुदान रकम अमेरिकी डलरमा (US$) | २० हजारसम्म | ३ हजारसम्म |

**आयोजनामा कृषि उद्यम केन्द्रको भूमिका**

- बजार सूचना सङ्कलन तथा प्रसार
- जिल्ला उद्योग वाणिज्य सङ्घहरूको क्षमता अभिवृद्धि
- व्यवसाय व्यवसायबीच समन्वय (B2B: 'Business to Business')
- मूल्य श्रृङ्खलासम्बन्धी सिकाइ अभिलेखीकरण र प्रचार-प्रसार ।

## उच्च मूल्य कृषि आयोजनाका कर्मचारीहरूको विवरण र सम्पर्क ठेगाना
### (High Value Agriculture: HVAP staff contacts)

| S.N. | Name | Position | Phone No. | E-mail |
|---|---|---|---|---|
| 1 | Mr. Madhuwan Shrestha | Inclusive Business Officer | 9843125470<br>9803040638 | madhuwan.sh@aec-fncci.org<br>madhuwans@gmail.com |
| 2 | Mr. Keshav B. Karki | Value Chain Development Officer | 9844817477 | keshav.bkarki@aec-fncci.org<br>keshav.karki2007@gmail.com |
| 3 | Mr. Kiran Narsingh Rana | Business Development Officer | 9841548859 | kiran.rana60@yahoo.com<br>kiran.rana@aec-fncci.org |
| 4 | Mr. Hari Madan Adhikari | Institutional Capacity Development Officer | 9841982433<br>9748014699 | hari.adhikari@aec-fncci.org<br>kmadhikari@gmail.com |
| 5 | Mr. Nirmal Khatri | Business Development Officer | 9849223337 | nirmal.khatri@aec-fncci.org<br>nirmal_khatri@hotmail.com |

## साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना
### (Raising Incomes of Small and Medium Farmers Project: RISMFP)

**परिचय**

साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना (RISMFP) एसियाली विकास बैंकबाट नेपाल सरकारलाई प्राप्त अनुदान सहयोगमा सुरु भएको आयोजना हो । नेपाल सरकार र एसियाली विकास बैंकबीच १६ मार्च २०११ मा भएको सम्झौताअनुरूप एसियाली विकास बैंकबाट प्राप्त २० दशमलव १० मिलियन अमेरिकी डलर अनुदान सहयोगमा यो आयोजना सञ्चालनमा ल्याइएको हो । यो आयोजना १४ जुन २०११ देखि सुरु भई ३० जुन २०१८ मा सम्पन्न हुनेछ । आयोजनाको मूल उद्देश्य उच्च मूल्यका कृषि वस्तु उत्पादन, प्रशोधन तथा बजारीकरणका माध्यमबाट साना तथा मझौला कृषकहरूको आयस्तर वृद्धि गरी गरिबी न्यूनीकरणमा सहयोग पुर्‍याउनु हो ।

**आयोजना सञ्चालन प्रक्रिया, मुख्य प्राथमिकता र अपेक्षित लाभ**

यस आयोजनाको मुख्य कार्यकारी निकायको रूपमा कृषि विकास मन्त्रालय रहेको छ भने कृषि विभाग, नेपाल राष्ट्र बैंक र नेपाल उद्योग वाणिज्य महासङ्घको कृषि उद्यम केन्द्र कार्यान्वयन निकायको रूपमा रहेका छन् । यो आयोजना नेपालको मध्य र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका १० जिल्लाहरूमा लागू भएको छ । ती जिल्ला हुन् : बाँके, बर्दिया, दाङ, सुर्खेत, दैलेख, कैलाली, डडेल्धुरा, डोटी, बैतडी र दार्चुला ।

यस आयोजनाले उच्च मूल्यका कृषि वस्तु उत्पादन तथा मूल्य श्रृङ्खला विकासमा कृषक र कृषि उद्यमीलाई सहयोग गर्दै करार-खेतीको संस्थागत विकासमा योगदान पुऱ्याउने छ । साथै आयोजनाले लैङ्गिक सचेतनाको विकास र जलवायु परिवर्तनका लागि समायोजनका विकल्प र रणनीति प्रयोगमा ल्याउने छ । आयोजना सकिँदा यसका प्रभाव क्षेत्रका १७ हजार ८०० घरधुरी कृषकहरू प्रत्यक्षरूपमा लाभान्वित हुनेछन् । यी कृषक घरधुरीहरूले ७ हजार ५०० हेक्टर जमीनमा तरकारी, फलफूल, मसला लगायतका उच्च मूल्यका कृषि वस्तुबाट वर्षेनि करिब १ करोड ३५ लाख रुपैयाँ आम्दानी गर्नेछन् ।

आयोजनाबाट मुख्यतया साना तथा मझौला कृषक समूह/सहकारी, सुविधाविमुख र पछाडि परेका वर्गका कृषक/उद्यमीहरू लाभान्वित हुने आशा लिइएको छ । यो आयोजनाले पछाडि परेका कृषक समूह/सहकारी र निजी क्षेत्रसँग मिलेर काम गर्दछ । साना तथा मझौला कृषकहरू, सहकारीका माध्यमबाट यस आयोजनाबाट लाभान्वित हुन सक्नेछन् । पछाडि परेका कृषक समूहलाई ३ सिजनसम्म अनुदान (क्रमशः १००%, ५०% र २५%) प्रदान गरिने छ । अन्य समूह/सहकारीसित ५०-५०% साझेदारीमा कार्य गरिने छ । कृषि-व्यवसाय अनुदानलाई मुख्यतया तीन शीर्षकमा वर्गीकृत गरिएको छ, ती हुन् : अनुदान वर्ग १) जग्गा भाडासहितको उत्पादन सामग्रीका लागि अनुदान; अनुदान वर्ग २) फार्म विकास तथा प्रविधि अनुदान; र, अनुदान वर्ग ३) उत्पादनपश्चात्का मूल्य श्रृङ्खलामा लगानी अनुदान ।

आयोजनाले तरकारी, फलफूल, दलहन, तेलहन, मसलाजन्य बाली, बीउ उत्पादन, च्याउ, मह, औषधीजन्य जडीबुटी लगायतका करिब २० वटा उच्च मूल्यका कृषि वस्तुका लागि सहयोग गर्नेछ । आयोजनाबाट अनुदान सहयोगका लागि कानुनअनुसार दर्ता भएका कृषि सहकारी संस्था र पिछडिएका वर्गका कृषक समूह, उच्च मूल्य कृषि वस्तु प्रशोधनकर्ता तथा कृषि उद्यमी/व्यवसायीहरूले आवेदन गर्न सक्दछन् । अनुदान सहयोगका लागि निर्धारित ढाँचाअनुरूप प्राप्त प्रस्तावलाई सम्बन्धित विकास क्षेत्रका क्षेत्रीय कृषि निर्देशकको अध्यक्षतामा रहेको 'प्रस्तावना छनोट स्वतन्त्र कार्यदल' अर्थात् 'Independent Appraisal Panel (IAP)' ले मूल्याङ्कन गरी छनोटका लागि आयोजना व्यवस्थापन इकाइ (नेपालगञ्ज) लाई सिफारिस गरिन्छ । आयोजना व्यवस्थापन इकाइले स्वीकृत गरेको प्रस्तावलाई अनुदान रकमका लागि नेपाल राष्ट्र बैंकलाई सिफारिस गर्ने गरिन्छ ।

आयोजनाले लक्षित समूहको क्षमता विकास, आवश्यक तालिम र अन्य प्राविधिक सहयोग प्रदान गर्न प्रत्येक जिल्लामा एउटा गैरसरकारी संस्थालाई स्थानीय सेवाप्रदायकको रूपमा छनोट गरेको छ । यसै गरी आयोजनाले क्षेत्रीयस्तरमा सामाजिक परिचालनमा सहयोग पुऱ्याउन दुईवटा क्षेत्रीयस्तरका गैरसरकारी संस्था छनोट गरेको छ । साथै सबै गैरसरकारी संस्थाहरूलाई समन्वय गर्न एउटा केन्द्रीयस्तरको गैरसरकारी संस्थालाई छनोट गरी परिचालन गरिएको छ ।

यो आयोजना कार्यान्वयनमा सहभागी संस्थाहरूमध्येको एक सहभागी संस्था, निजी क्षेत्रको तर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घको कृषि उद्यम केन्द्र हो । कृषि उद्यम केन्द्रले उच्च मूल्यका कृषि वस्तुहरूको उत्पादनपश्चात् कृषि व्यवसायीकरणका लागि सहजीकरण गर्नुको साथै करार-खेतीको संस्थागत विकासमा योगदान पुऱ्याउने कार्य गरिरहेको छ । उत्पादनकर्ताहरूलाई व्यावसायिक योजना (Business Plan) तयार गर्न सहयोग गर्नु र उत्पादनकर्ताहरू र खरिदकर्ताबीच एकीकृत बजार श्रृङ्खला निर्माण गरी आपूर्ति सम्झौता गराउने जिम्मेवारी पनि कृषि उद्यम केन्द्रको रहेको छ । यसै गरी कृषि उद्यम केन्द्रले एसएनभी नेपालको सहयोगमा कृषि बजार सूचना प्रणालीको विकास र विस्तारका कार्यहरू पनि गरिरहेको छ ।

आयोजना कार्यान्वयनको लागि आयोजना व्यवस्थापन इकाइ (Project Management Unit) नेपालगञ्जमा र सम्पर्क कार्यालय काठमाडौंमा रहेको छ । जिल्ला कृषि विकास कार्यालयका १० वटै जिल्लाहरूबाट किसानहरूलाई सेवा प्रदान भइरहेको छ भने केन्द्रका तर्फबाट आयोजना कार्यान्वयनको लागि एकजना कार्यक्रम व्यवस्थापक, आयोजना व्यवस्थापन इकाइ नेपालगञ्जमा र एक-एकजना क्षेत्रीय व्यवस्थापक, दाङ र डडेल्धुरा उद्योग वाणिज्य सङ्घका क्षेत्रीय कार्यालयहरूमा व्यवस्था गरिएको छ । दाङ र डडेल्धुरा उद्योग वाणिज्य सङ्घसँग समन्वय गरी क्षेत्रीय कार्यालयहरूको स्थापना गरिएको छ । १० वटै जिल्लाका जिल्ला उद्योग वाणिज्य सङ्घसँग समन्वय गरी आयोजनाका फिल्ड इकाइहरू स्थापना गरी योजनाका कार्यहरू सञ्चालन भइरहेका छन् ।

**साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना**

**(RISMFP staff contacts)**

| S.N. | Name | Position | Contact | E-mail |
|---|---|---|---|---|
| 1 | Mr. Beda B. Rokaya | Program Manager | 9841807097 | bb.rokaya@aec-fncci.org |
| 2 | Mr. Madhav Paudel | Regional Office Manager | 9851015307 | paudel.madhav@gmail.com |
| 3 | Mr. Amitendra Chaudhari | Data Analyst | 9849627318 | amitendra.ch@aec-fncci.org |

**किसानका लागि उन्नत बीउविजन कार्यक्रम**

**(Kisan Kaa Lagi Unnat Biubijan Karyakram: KUBK)**

**कार्यक्रम (KUBK-ISFP) को सन्दर्भ**

अन्तर्राष्ट्रिय कृषि विकास कोष (IFAD) ले पश्चिमाञ्चल विकास क्षेत्रका गुल्मी तथा अर्घाखाँची र मध्यपश्चिमाञ्चल विकास क्षेत्रका रुकुम, रोल्पा, सल्यान तथा प्युठान जिल्लाहरुमा "किसानका लागि

उन्नत बीउबिजन कार्यक्रम" (KUBK- ISFP) लागू गर्न डिसेम्बर २, २०१२ मा नेपाल सरकारसँग सम्झौता गरेको छ । यो साझेदारीको मूल उद्देश्य व्यवसाय सञ्चालन गर्ने वातावरणको विस्तार तथा बृद्धिमार्फत् कृ.उ.के.ले कृषि क्षेत्रमा हासिल गरेको व्यवसाय विकास सेवा (बीडीएस) को क्षमतालाई जिल्लास्तरका संस्थाहरुमा पुऱ्याउनु हो ।

संस्थागत विकास क्रियाकलापहरूले स्थानीय तथा जिल्लास्तरका संस्थाहरूलाई व्यवसायको ब्याकवार्ड तथा फर्वार्ड सम्बन्ध (Backward and forward linkages) स्थापना गर्न बल पुऱ्याउनेछ । व्यवसाय विकास सेवा र कृषि बजार सूचना सेवा (AMIS) ले साना किसानहरूको जीविकामा बढोत्तरी ल्याउनका लागि स्थानीय उद्यमशीलता विकास तथा बजार प्रत्याभूति गर्ने राष्ट्रिय पहललाई यस कार्यक्रमले ठोस रूप दिनेछ ।

**किसानका लागि उन्नत बीउविजन कार्यक्रममा कृ.उ.के.को उत्तरदायित्व तथा भूमिका**

कृ.उ.के.ले बाधा तथा असुविधाहरु हटाई कृषि उत्पादन, व्यापार तथा बजारीकरणका लागि वातावरण श्रृजना गर्न तथा कार्यक्रम व्यवस्थापन कार्यालय (PMO) को कृषि व्यवसाय प्रवर्द्धन गर्न चालिने प्रयासहरूलाई सहयोग पुऱ्याउन साझेदारहरुसँग समन्वय तथा सहकार्य गर्दछ । उद्यमशीलताको स्तरीयता तथा व्यावसायिक अवसरहरूको पहिचानका लागि केन्द्रले परियोजना साझेदारसँग निकटमा रहेर काम गर्दछ । पहिचान गरिएका उपभोक्ताहरु (Beneficiaries) लाई लगानीद्वारको उपयोग गरी सहयोग पुऱ्याउनका लागि कृ.उ.के.ले कार्यक्रम सञ्चालन हुने ६ वटा जिल्ला (सल्यान, प्युठान, रोल्पा, रुकुम, अर्घाखाँची र गुल्मी) मा अवस्थित उद्योग वाणिज्य सङ्घहरूमार्फत् सुविधाहरू उपलब्ध गराउनेछ। त्यसैगरी कृ.उ.के.ले स्थानीय उद्यमशीलता तथा संस्थागत विकासलाई प्रवर्द्धन गर्नका लागि जिल्ला उद्योग वाणिज्य सङ्घहरूबाट व्यवसाय विकास सेवा तथा बजार विकास सेवा प्रदान गर्ने छ । राष्ट्रिय, क्षेत्रीय तथा जिल्ला तहमा कृषि व्यवसाय बृद्धि गरी व्यवस्थित गर्नका लागि कृ.उ.के. जिम्मेवार हुनेछ । कृ.उ.के.ले किसानहरूको कृषि तथा पशुजन्य उत्पादनका लागि व्यवसायको फर्वार्ड तथा ब्याकवार्ड सम्बन्ध राख्न सहयोग पुऱ्याउनुका साथै पुनः खरिद सम्झौता (Buy back) प्रबन्धको व्यवस्था गर्नेछ । एक कार्यान्वयन गर्ने एजेन्सीको रुपमा कार्यक्रम (KUBK-ISFP) को कार्यान्वयनका लागि कृ.उ.के. ले देहाय बमोजिमको विशिष्ट जिम्मेवारी निर्वाह गर्दछ :

**पहिलो संभाग : औपचारिक बीउ क्षेत्रको विस्तारमा सहयोग**

कार्यक्रम व्यवस्थापन कार्यालय (PMO) को समन्वयमा रहेर औपचारिक बीउ क्षेत्रको विस्तार गर्ने कार्यमा कृ.उ.के. को निम्न उत्तरदायित्वहरू हुन्छन् :

क) गुणस्तरीय बीउ उत्पादन, प्रशोधन तथा बजारीकरणमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने ।

ख) नीतिगत वकालत (Policy Advocacy), मूल्य अभिवृद्धि तथा बजारीकरण ज्ञानको विकासलाई सहज गर्ने र त्यसलाई कार्यक्रमका सरोकारवालाहरू तथा उपभोक्ताहरूका बीचमा हस्तान्तरण गर्ने एवं आम प्रभावलाई बढाउनका लागि निजी क्षेत्रका वास्तविक तथा सम्भावित कृषि व्यवसायहरू समुदायसम्म विस्तार गर्ने ।

ग) बजार सम्बन्ध क्रियाकलापहरुलाई प्रबन्ध गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बीउ उत्पादक समूहलाई औपचारिक बीउ क्षेत्रसँग जोड्ने ।

घ) लगानीद्वारको माध्यमबाट निजी क्षेत्रका फार्महरुलाई कार्यक्रम लागू भएका जिल्लाहरुमा लगानी गर्न आवश्यक पर्ने व्यावसायिक योजना विकास गर्न सघाउने ।

**द्वितीय संभाग : साना किसान पशुपालन विकास**

क) पशुजन्य उत्पादन, प्रशोधन तथा बजारीकरणमा निजी क्षेत्रको लागानीलाई प्रवर्द्धन गर्ने ।

ख) कार्यक्रम व्यवस्थापन कार्यालय (PMO) बाट पहिचान गरिएका वस्तुहरुको बजारीकरणका लागि पहल गरिने जिल्ला, क्षेत्रीय तथा राष्ट्रिय स्तरका निजी-सार्वजनिक छलफल तथा साझेदारीहरूलाई बढावा दिन योगदान गर्ने ।

**तृतीय संभाग : स्थानीय उद्यमशीलता तथा संस्थागत विकास**

उद्यम केन्द्र (AEC) ले संस्थागत विकास तथा स्थानीय उद्यमशीलता विकास गर्न कार्यक्रम व्यवस्थापन कार्यलय (PMO) बाट संचालित हुने कार्यक्रमलाई सहयोग गर्ने छ । नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) यसका जिल्ला उद्योग वाणिज्यसघंहरु मार्फत लगानीद्वार स्थापना गरेर कृषि व्यवसायी उद्यमीहरुको सहभागितालाई कार्यक्रममा आर्कषण गर्न सहयोगात्मक भूमिका खेल्दछ भन्ने कुरामा उद्यम केन्द्र (AEC) विश्वस्त गराउदछ । मूलतः तृतीय सभाग  अन्तर्गत उद्यम केन्द्र (AEC) ले निम्न बमोजिम योगदान गर्दछ ।

क) लगानीद्वारको भूमिका बुझ्नका लागि स्थानीय उद्योग बाणिज्य सङ्घहरूलाई सवल र सक्षम बनाउने ।

ख) बजारको ज्ञानमा बृद्धि गर्न कृषि बजार सूचना सेवा (AMIS) को स्थापना तथा विस्तार गर्ने र त्यसलाई प्रभावकारी बनाउने ।

ग) लक्षियत कृषि तथा पशुजन्य उत्पादनहरूको बजारीकरण तथा व्यापार सम्बन्धमा विद्यमान नीतिगत कमी- कमजोरी पत्ता लगाउन तथा ती हटाउने वा संशोधन गर्ने कार्यमा कार्यक्रम व्यवस्थापन कार्यालय (PMO) लाई सहयोग गर्दै ती बस्तुहरूको व्यवसायीकरण गर्न सहयोग गर्ने ।

घ) कृषि मेलाहरूमा भाग लिन उत्पादन समूह तथा व्यापारीहरूलाई सहयोग गर्ने ।

## किसानका लागि उन्नत बीउविजन कार्यक्रमका कर्मचारी र सम्पर्क ठेगाना

## (KUBK staff and their contact details)

| S.N. | Name | Position | Phone | E-mail |
|---|---|---|---|---|
| 1 | Mr. Keshab Nath Adhikari | Program Coordinator | 9751008424<br>9851165332 | keshab.adhikari@aec-fncci.org |
| 2 | Mr. Punam Khadka | District Agribusiness Advisor | 9851153386 | pukhadaka@gmail.com |
| 3 | Mr. Suresh Kandel | District Agribusiness Advisor | 9851134619 | kandelsuresh@gmail.com |
| 4 | Mr. Shova Maharjan | District Agribusiness Advisor | 9841489356 | shova-maharjan@hotmail.com |
| 5 | Mr. Babu Ram Chudali | District Agribusiness Advisor | 9741074809 | babul51@hotmail.com |
| 6 | Mr. Dharma Raj Bohara | District Agribusiness Advisor | 9842664540 | dharmabohara@ymail.com |
| 7 | Mr. Damodar Pokharel | District Agribusiness Advisor | 9747013291 | dpokharel07@yahoo.com<br>dpokharel07@gmail.com |

**नेपालको सन्दर्भमा एक गाउँ एक उत्पादन (One Village - One Product: OVOP)**

जापान, थाइल्याण्डलगायतका विभिन्न एसियाली मुलुकहरूमा ओभीओपीको सफल कार्यान्वयनबाट अभिप्रेरित भई नेपालको निजी क्षेत्रको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घले नेपालमा पनि 'ओभीओपी' कार्यक्रम सञ्चालन गर्नुपर्छ भन्ने अभिप्रायले विभिन्न सरकारी निकायहरूसँग लामो समयसम्म छलफल तथा अन्तर्क्रिया कार्य जारी राखे । अन्ततः वि.सं. २०६३ सालमा नेपाल सरकारले बजेट वक्तव्यमार्फत् औपचारिकरूपमा सरकारी निजी साझेदारी अवधारणामा ओभीओपी कार्यक्रम लागू भएको घोषणा गरे ।

सुरूमा यो कार्यक्रम पाइलट प्रोजेक्टको रूपमा ५ वर्षको लागि भनी सञ्चालनमा ल्याइएको थियो । कार्यक्रमको पहिलो वर्षमा ४ वस्तुसहित ७ जिल्लामा लागू गरिएको थियो । कार्यक्रमले वर्षेनि ख्याति प्राप्त गर्दै गएका कारण हरेक वर्ष नयाँ नयाँ जिल्लाहरूमा नयाँ नयाँ वस्तुसहित कार्यक्रम थपिँदै गए । फलस्वरूप, आ.व. २०७०/७१ सम्म आइपुग्दा यो कार्यक्रम २२ वस्तुहरूसहित ३२ जिल्लाहरूमा सञ्चालन भइरहेको छ ।

**विभिन्न चरणमा एक गाउँ एक उत्पादन कार्यक्रम लागू भएका जिल्ला तथा वस्तुहरूः**

| क्र.सं. | प्रथम चरण<br>२०६३/६४ देखि २०६८/६९ सम्मको | दोस्रो चरण<br>२०६९/७० मा | तेस्रो चरण<br>२०७०/७१ मा |
|---|---|---|---|
| १ | भक्तपुर/लप्सी | झापा/सुपारी | बाग्लुङ्ग/लोक्ता |
| २ | रामेछाप/जुनार | सुनसरी/बेसार | गोरखा/कृषि पर्यटन |
| ३ | सिन्धुली/जुनार | सप्तरी/आँप | इलाम/किवी खेती |
| ४ | नुवाकोट/रेन्बो ट्राउट माछा | धनुषा/माछा | मकवानपुर/किवी खेती |
| ५ | रसुवा/रेन्बो ट्राउट माछा | चितवन/केरा | काभ्रे/डेरी |
| ६ | लेखनाथ, कास्की/कृषि पर्यटन | कञ्चनपुर/केरा | ताप्लेजुङ्ग/अलैंची |
| ७ | वालिङ्ग, स्याङ्गजा/कफी | लमजुङ्ग/कृषि पर्यटन | पर्वत/लप्सी |
| ८ | स्याङ्गजा/कफी | पाल्पा/अदुवा | बझाङ्ग/जैतुन तेल |
| ९ | बर्दिया/बेल | सल्यान/अदुवा | खोटाङ्ग/आलु |
| १० | दोलखा/लोक्ता | म्याग्दी/टिमुर | महोत्तरी/आलु |
| ११ | ललितपुर*/अर्किड (फूल) | डोटी (जोरायल)/बासमती चामल | धनकुटा/बाख्रापालन |
| १२ | | | नवलपरासी/प्याज |

*नोट : आ.व. २०७०/७१ देखि सकिएको ।

**एक गाउँ एक उत्पादन किन ?**

- स्थानीय वस्तुको पहिचान गर्न
- गुणस्तरीय तथा व्यावसायिक उत्पादन गर्न
- मूल्य अभिवृद्धि गर्न
- ब्राण्डिङ्गसहित व्यापार गर्न
- आन्तरिक तथा वाह्य बजार प्रवर्द्धन गर्न, र
- ग्रामीण समुदायमा रोजगारी सृजना तथा आयस्तर वृद्धि गर्न ।

**एक गाउँ एक उत्पादन सञ्चालन कार्यशैली**

नेपालमा ओभीओपी कार्यक्रम सरकारी निजी साझेदारी अवधारणामा सञ्चालित छन् । प्रत्येक आ.व. को सुरुमा राष्ट्रिय योजना आयोगवाट कार्यक्रम स्वीकृत भइसकेपछि मात्र कार्यक्रम सञ्चालनमा आउँछ । कार्यक्रम स्वीकृत भइसकेपछि कृषि विकास मन्त्रालयमार्फत् ओभीओपी सचिवालयलाई चौमासिक

बजेट निकासा हुन्छ। कृषि विकास मन्त्रालयबाट फिल्ड निरीक्षण तथा अनुगमन, आवश्यकता अनुसार नयाँ नीति निर्माण तथा परिमार्जन, सचिवालयलाई सुझाव दिने कार्य हुन्छ।

निजी क्षेत्रको तर्फबाट नेपाल उद्योग वाणिज्य महासङ्घ सम्पूर्ण कार्यक्रम कार्यान्वयनको जिम्मेवार निकायको रूपमा रहेको छ। महासङ्घले कार्यक्रम कार्यान्वयनको लागि आफ्नो प्राविधिक इकाई कृषि उद्यम केन्द्रलाई अभिभारा दिएको छ। कृषि उद्यम केन्द्र ओभीओपी कार्यक्रमको सचिवालयको रूपमा कार्यरत छ।

ओभीओपी सचिवालयले जिल्लाबाट प्रस्तावित वार्षिक कार्यक्रम स्वीकृत गराउने, बजेट निकासा लिने र सम्बन्धित जिल्लाहरूमा चौमासिक निकासा पठाउने कार्य गर्नुका साथै कार्यक्रम अनुगमन, चौमासिक तथा वार्षिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित निकायमा पेश गर्ने कार्य गर्छ। खर्चको लेखाजोखा राखी सोको लेखापरीक्षण गराई कृषि विकास मन्त्रालयमा पेश गर्नुपर्दछ।




जिल्ला कार्यक्रम कार्यान्वयन समितिले गाउँस्तरमा कार्यक्रम सञ्चालन गर्छ। समितिले वार्षिक कार्यक्रम तर्जुमा गरी ओभीओपी सचिवालयमा पेश गर्ने, कार्यक्षेत्र अनुगमन, मासिक, चौमासिक तथा वार्षिक प्रतिवेदनहरू तयार गरी ओभीओपी सचिवालयमा पेश गर्ने कार्य गर्छ।

माथि उल्लेखित सम्पूर्ण क्रियाकलापहरू ओभीओपी कार्यक्रम कार्यान्वयन कार्यविधिको परिधिभित्र रही सञ्चालन गर्ने गरिन्छ।

**एक गाउँ एक उत्पादन कार्यक्रमका कर्मचारीहरू र सम्पर्क ठेगाना**

**('One Village One Product' programme staff and contacts)**

| S.N. | Name | Position | Phone | E-mail |
|---|---|---|---|---|
| 1 | Mr. Ganesh Shakya | Sr. Program Manager | 9841392348 | ganeshakya@gmail.com |
| 2 | Mr. Arun Shrestha | Finance Officer | 9843183640 | arun.shrestha@aec-fncci.org<br>arun13np@yahoo.com |
| 3 | Mr. Dev Raj Dhungana | Program Officer | 9851166414 | devraj.dhungana@gmail.com |
| 4 | Mr. Bhim Sagar Pokharel | Jr. Office Assistant | 9841778393 | s_saru55@yahoo.com |

# एक जिल्ला एक उत्पादन कार्यक्रम
## (One District One Product: ODOP)

एक जिल्ला एक उत्पादन (ODOP) कार्यक्रमको अवधारणा सन् १९७९ मा जापानबाट सुरु भएको मानिन्छ। यो अवधारणा 'एक गाउँ एक उत्पादन' (OVOP) कार्यक्रमको अवधारणामा नै आधारित छ। हाल यो कार्यक्रम एसिया, अफ्रिका र दक्षिण अमेरिकाका अनेकौं देशहरूले अपनाएका छन्। सन् २००६ देखि नेपालले पनि लागू गरेको यो कार्यक्रमको अनुभवबाट विकसित गरिएको नयाँ रूप नै 'ओडीओपी' कार्यक्रम हो।

जिल्लाको मौलिक पहिचान भएका वस्तु तथा सेवाको उत्पादन तथा प्रवर्द्धन गर्न सार्वजनिक-निजी साझेदारीको अवधारणामा कृषि विकास मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासङ्घ/कृषि उद्यम केन्द्रको सहकार्यमा उद्योग स्थापना, सञ्चालन र बजारीकरणका कार्यक्रम सञ्चालन गरी सन्तुलित आर्थिक विकास एवं रोजगारी सृजना गर्दै गरिबी निवारण गर्ने यस कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। हाल १० जिल्लामा सञ्चालित यो कार्यक्रम आ.व. २०७१/०७२ मा अरु थप १० जिल्लामा विस्तार गरिने प्रक्रिया चलिरहेको र भविष्यमा क्रमशः ७५ वटै जिल्लामा सञ्चालन गर्ने नेपाल सरकारको लक्ष्य रहेको छ।

### एक गाउँ एक उत्पादन कार्यक्रमका कर्मचारीहरू र सम्पर्क ठेगाना
### ('One District One Product' programme staff and contacts)

| S.N. | Name | Position | Phone | E-mail |
|---|---|---|---|---|
| 1 | Mr. Ramesh Kadariya | Program Coordinator | 9851040431 | rameshkadariya@gmail.com |
| 2 | Ms. Sudipta Shrestha | Jr. Officer | 9851182658 | sudipta9876@hotmail.com |
| 3 | Mr. Krishna Upadhaya | Consultant Engineer | | upadhyay.rakesh802@gmail.com |

**नेपाल एकीकृत व्यापार रणनीति कार्यक्रम (Nepal Trade Integration Strategy: NTIS)**

नेपालमा आयात प्रतिस्थापन गरी निर्यात वृद्धि गर्ने उद्देश्यले नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासङ्घ/कृषि उद्यम केन्द्रको साझेदारीमा सञ्चालन भएको नेपाल एकीकृत व्यापार रणनीति कार्यक्रम (NTIS) अन्तर्गत सञ्चालन भएको गुणस्तरीय अदुवा वितरण र सुरक्षित भण्डारण कार्यक्रम ४ वटा जिल्लाहरू (धादिङ्ग, पाल्पा, स्याङ्जा र डडेलधुरा) मा सञ्चालित छ। यसअन्तर्गत 'कपुरकोट १' जातको बोसे अदुवा सम्बन्धित जिल्लाका उद्योग वाणिज्य सङ्घमार्फत् वितरण भई उन्नत प्रविधिबाट अदुवा रोपणको लागि तालिम सञ्चालन एवं सुरक्षित भण्डार स्थापनाका कार्यक्रमहरू सञ्चालन भइरहेका छन्।

## नेपाल एकीकृत व्यापार रणनीति कार्यक्रम
## (NTIS staff and contacts)

| S.N. | Name | Position | Phone | E-mail |
|---|---|---|---|---|
| 1 | Mr. Shiva Neupane | Field Officer | 9841393539 | shivaneupane2010@gmail.com |

**बजार सूचना सेवा (Market Information Service: MIS)**

कृषि उद्यम केन्द्रका प्रमुख गतिविधिहरूमध्ये बजार सूचना सेवा पनि एक हो । यस गतिविधिअन्तर्गत नेपालका १० प्रमुख बजारहरू र ६ भारतीय बजारहरूबाट तरकारी, फलफूल र मसलाजन्य वस्तुहरूको थोक मूल्य-सूची सङ्कलन, संप्रेषण र प्रवाह गर्ने कार्य दैनिकरूपमा हुँदै आइरहेको छ । साथै केन्द्रको वेबसाइट www.agripricenepal.com बाट पनि थोक मूल्य-सूची प्रवाह गर्ने र राष्ट्रिय ई-हाटबजारको वेबसाइटको केन्द्रीय सञ्चालकको रूपमा कार्य गर्दै आइरहेको छ। बजार सूचनाको प्रवाह निम्नानुसार भइरहेको छ :

**१. थोक बजार मूल्यसम्बन्धी दैनिक तथा मासिक प्रतिवेदनहरू**

- नेपालका विभिन्न २२ वटा प्रमुख बजारहरू, 'एक गाउँ एक उत्पादन कार्यक्रम' का ४ वटा जिल्लाहरू र ६ वटा भारतीय सीमावर्ती बजारहरूको दैनिक मूल्य-सूची सङ्कलन, प्रशोधन (compilation) र प्रवाह गर्ने कार्य नियमितरूपमा भइरहेको छ ।




- सङ्खुवासभा, धरान, इलाम, बिर्तामोड, पाँचथर र ताप्लेजुङ्ग बजारबाट साप्ताहिकरूपमा अलैंचीको थोक मूल्य सङ्कलन गर्ने कार्य नियमितरूपमा भइरहेको छ । साथै, भारतको दिल्ली बजारबाट दैनिकरूपमा जडिबुटीको मूल्य सङ्कलन गरी ती सूचनालाई आवश्यक प्रशोधन (compile) गरी सम्बन्धित निकायमा समयमै बितरण गर्ने कार्य पनि नियमितरूपमा भइरहेको छ ।
- २०६८ माघसम्म विभिन्न रेडियो स्टेशनहरूमा केही कारणवश मूल्य पठाउने कार्य स्थगित भइरहेकोमा हाल उक्त कार्य पुनः दैनिकरूपमा क्षेत्रीय रेडियो कपिलवस्तु, रुपन्देही, गुल्मी, कास्की, दमौली रेडियो स्टेशनहरूमा प्रसारणको लागि मूल्य-सूची पठाउने कार्य भइरहेको छ ।

- साथै यस केन्द्रले काठमाडौं, बिर्तामोड, कैलाली, सुर्खेत र बुटवलको खाद्य पदार्थ, दलहन र तेलहनको मासिक थोक बजार मूल्य-सूची विश्व खाद्य कार्यक्रम (WFP) लाई उपलब्ध गराई सहयोग गर्दै आइरहेको छ । सो कार्यक्रमबाट नेपालको खाद्य अवस्थाको मूल्याङ्कन र विश्लेषणबारे विशेष सूचना प्राप्त भइरहेको छ ।

२. **थोक बजार मूल्यसम्बन्धी अलग्गै वेबसाइट (www.agripricenepal.com) निर्माण र सञ्चालन** : माथि उल्लेखित जिल्लाहरूबाट प्राप्त दैनिक तथा साप्ताहिक थोकबजार मूल्य-सूची दैनिकरूपमा दिनको २:०० बजेपछि वेबसाइटमा अपलोड भइरहेको छ र अन्य विभिन्न प्रकारका कृषि समाचारहरू पनि आवश्यकताअनुसार नियमितरूपमा अद्यावधिक गर्ने गरिएको छ । साथै, यस वेबसाइटलाई नयाँ ढङ्गले गतिशील, समसामयिक र अद्यावधिक (Dynamic, timely and up-to-date) गर्ने हाम्रो प्रयास जारी छ ।

कृषि उद्यम केन्द्रको मुख्य वेबसाइट www.aec-fncci.org हो । यस बेवसाइटमा केन्द्रबाट तयार गरिएका तथा अन्य प्रकाशनहरू, कृषि समाचार, विभिन्न कार्यक्रमका फोटो ग्यालरी निरन्तररूपमा अद्यावधिक गर्ने कार्य भइरहेको छ ।

## कृषि उत्पादकत्व र व्यवसायीकरणमा पहल
**(Initiative for Agriculture Productivity and Commercialization: IAPAC)**

खाद्यमा पोषणको कमी र खाद्य असुरक्षा धेरै भएका भौगोलिक क्षेत्रहरूमा खाद्य सुरक्षा र पोषणमा सुधार गरी कृषिको विकास गर्न नागरिक समाजका सम्बन्धित पक्षहरूलाई निर्णायक भूमिकामा सहभागिता सुनिश्चित गर्ने उद्देश्यका साथ लागू गरिएको कृषि उत्पादकत्व र व्यवसायीकरणमा पहल कार्यक्रम युरोपेली सङ्घ (ईयू) को आर्थिक सहयोगमा आड्रा अष्ट्रेलियाले सञ्चालन गरेको हो । नेपालमा भने आड्रा नेपाल र आड्रा अष्ट्रेलियाको तर्फबाट यो कार्यक्रम सञ्चालन भइरहेको छ । यो कार्यक्रम गत मे २०१४ देखि सञ्चालन भएको हो र फेब्रुवरी २०१७ सम्म चालु रहनेछ ।

यो कार्यक्रम संचालन गर्न आईडीई नेपाल र आड्रा नेपाल साझेदार संस्थाको रुपमा कार्यरत छ भने कृ.उ.के. र सप्रोस नेपाल (SAPROCE Nepal) यस कार्यक्रममा सह-साझेदारका रुपमा रहेका छन् ।

हाल यो कार्यक्रम बाँके र रोल्पा जिल्लामा सञ्चालन भइरहेको छ । बाँके जिल्लामा एउटा मात्र पकेट-क्षेत्र छ भने रोल्पा जिल्लामा होलेरी र लिवाङ गरी दुईवटा पकेट-क्षेत्रको रुपमा सञ्चालन भइरहेको

छ । आगामी वर्षदेखि दाङ जिल्लामा समेत कार्यक्रम विस्तार गरी बाँके जिल्ला र दाङ जिल्लामा एक/एक गरी दुईवटा पकेट-क्षेत्रको रुपमा सञ्चालन हुनेछ ।

यस कार्यक्रममा कृषि उद्यम केन्द्रले बीउविजनको आपूर्तिको साथै उत्पादित कृषि उपजको बजारीकरण (Input and Output Marketing) सम्बन्धी कार्यहरु गरिनेछ । विशेष गरेर सम्बन्धित विभिन्न सरकारी निकायहरुसँग नयाँ तथा आधुनिक प्रविधिको प्रयोग, समुदायमा नेतृत्व विकास तालिम तथा कार्यक्रम सञ्चालन, सामुदायिक विकास परिचालक (Sales agent वा input suppliers) को नियुक्ति तथा क्षमता विकास, स्थानीय सेवा प्रदायकको व्यवस्था तथा क्षमता विकास, व्यावसायिक योजना तथा सङकलन केन्द्रहरूको स्थापना तथा सुदृढीकरणजस्ता कार्यहरूमा अन्य साझेदार संस्था तथा सहसाझेदार संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ । यी सम्पूर्ण कार्यहरु गर्नको लागि यस केन्द्रको तर्फबाट बाँकेमा एक जना र रोल्पामा एक जना गरी जम्मा दुई जना बजारीकरण अधिकृतहरू कार्यरत छन् ।

### कृषि उत्पादकत्व र व्यवसायीकरणमा पहल
### (IAPAC staff contacts)

| S.N. | Name | Position | Phone | E-mail |
|---|---|---|---|---|
| 1 | Mr. Saurav Dhungana | Marketing Officer | 9851193114 | srvdhungana@gmail.com |
| 2 | Mr. Bishnu Dangal | Marketing Officer | 9849449685 | bishnuvai@gmail.com |

# IMPORTANT NOTES (15 page)

**हिमाली आयोजनाका हाल (आ.व. २०७०/७१) सम्मका मुख्य उपलब्धिहरू**

निर्वाहमुखी कृषि पेशालाई व्यवसायीकरण गर्ने नेपाल सरकारको नीतिलाई आत्मसात गर्दै नेपाल सरकार कृषि विकास मन्त्रालय पशु सेवा विभागमार्फत् सन् २०११ देखि ६ वर्षको लागि १० वटा उच्च पहाडी जिल्लाहरूमा सञ्चालित उच्च पहाड कृषि व्यवसाय तथा जीविकोपार्जन सुधार (हिमाली) आयोजनाले तेस्रो बर्ष पूरा गरिसकेको छ । आयोजनाले लिएका उद्देश्य हासिल गर्न कार्यान्वयन साझेदारको रुपमा आयोजनासँग सहकार्य गरिरहेको नेपाल उद्योग वाणिज्य महासङ्घ/कृषि उद्यम केन्द्रको प्रत्यक्ष सहभागितामा आर्थिक बर्ष २०७०/७१ सम्ममा व्यावसायिक योजनाको स्थिति हेर्दा ३३८ वटा विभिन्न खाले व्यावसायिक योजनाहरु जिल्लामा दर्ता भई जिल्ला आयोजना समन्वयकर्तामार्फत् आयोजना व्यवस्थापन इकाइमा बुझाइएको छ । त्यसैगरी साना, मझौला र ठूला गरी १३२ वटा परियोजना सम्झौता भइसकेका छन् ।

आयोजनाले हासिल गरेका हालसम्मका प्रमुख उपलब्धिहरूलाई संक्षेपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**आर्थिक बर्ष २०७०/७१ सम्ममा सम्झौता भइसकेका परियोजनाहरूको स्थिति**

| जिल्ला | प्राप्त व्यवसाय योजना | हालसम्म मूल्याङ्कन भएका | स्वीकृत | अस्वीकृत | सुधारको लागि फिर्ता | हालसम्म सम्झौता भएका | मूल्याङ्कन हुन बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| संखुवासभा | २६ | २६ | २१ | १ | २ | १६ | ० | |
| सोलुखुम्बु | २७ | २७ | १० | १३ | ३ | ८ | ० | |
| दोलखा | ८३ | ७१ | ३५ | ९ | १५ | ३० | १२ | |
| रसुवा | ४० | ४० | २३ | ७ | २ | १२ | ० | |
| मनाङ | १५ | १५ | ९ | ४ | २ | ९ | ० | |
| मुस्ताङ्ग | १९ | १९ | १२ | २ | ४ | ५ | ० | |
| डोल्पा | ४३ | ३५ | १२ | १९ | १ | १२ | ८ | |
| जुम्ला | ६३ | ६३ | १९ | १६ | २३ | १९ | ० | |
| मुगु | २७ | २५ | ८ | १५ | २ | ४ | २ | |
| हुम्ला | ५२ | ४८ | १७ | १९ | ८ | १६ | ४ | |
| मध्य पश्चिमाञ्चल | ३ | ३ | १ | १ | १ | १ | ० | |
| जम्मा | ३९८ | ३७२ * | १६७ | १०६ | ६३ | १३२ | २६ | |

*३३ योजना स्थलगत प्रमाणीकरणको चरणमा छन् ।

आ.व. २०७०/७१ सम्ममा जम्मा २ हजार ९ सय ५० जनालाई व्यवसाय परामर्श सेवा उपलब्ध गराइएको छ भने ७ सय ३४ जनालाई व्यावसायिक योजना तयार पार्न सहयोग उपलब्ध गराइएको छ । त्यसैगरी ३८ वटा इलाकास्तरीय व्यावसायिक योजना तर्जुमा गोष्ठी र ४१ वटा मूल्य-श्रृङ्खला गोष्ठीहरू सम्पन्न गरियो । दुवै गोष्ठीमा गरी जम्मा ३ हजार ४ सय ८७ जना व्यवसायीहरूको सहभागिता रहेको थियो । उच्च पहाडी जिल्लाहरुको कृषि उत्पादन तथा तिनको प्रवर्द्धनमा सहयोग पुगोस् भन्ने हेतुले ६ वटा जिल्लास्तरीय व्यापार मेलाहरू पनि सफलतापूर्वक सम्पन्न गरिएका छन् । त्यसैगरी इटहरी, पोखरा, काठमाडौं, नेपालगञ्ज र सुर्खेतमा समेत गरी जम्मा ६ वटा क्षेत्रीय व्यापार मेलासमेत भव्यरुपमा सम्पन्न भएका थिए। आयोजनाकै सहजीकरणमा ३ वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेलाहरूमा समेत आयोजना क्षेत्रका स्थानीय उद्यमी तथा व्यवसायीहरूको सहभागिता रहेको थियो ।

**थप जानकारीका लागि**

**फोन गर्दा पैसा नलाग्ने टेलिफोन नं. १६६००११५५००**

---

सामग्री लेखन तथा प्रस्तुतिः रामगणि पौडेल तथा .....................

सम्पादन सहयोगः चेतनाथ कणेल, राष्ट्रिय विकास केन्द्र, काठमाडौं

२०७१ भाद्र